## "नोकर जिन्दगी"



**दिप पाठक**

हामी यी भुगोलहरूमा,
र यी घन्टाउके देशहरूमा पुगेकाछौ,
जसले आफुलाई शक्तीशाली ठान्छन्
र छनपनी
हामीलाई नोकरी चाहीयकोछ,
जहाँ नोकरी प्रशस्तछन्
र दिन्छनपनी।।

सडक वडार्नेदेखी,
सिमाना रक्षागर्ने नोकरीछन्
५२ डिग्री  सेल्सियसको तातो वालुवामाथी,
माईनस २० डिग्री सेल्सियसको फ्रोजनभित्र,
नोकरीछन्,
गल्लीभित्रका गेट बाहीर,
अनीकती वेश्यालयमा,
कती बधशालामा,
र कती चिहानघर सम्म
नोकरीछन्।।

भनिन्छ
आणवीक विकीरणले
क्यान्सर निम्त्याईदिन्छ रे
रसायनले
मुटु-कलेजोसम्म असरगर्छ रे
त्यसैलेहोला
आणवीक भट्टीमा
अनी केमीकलका कारख़ानामा
हामीलाई नोकरी पाईन्छ
फलत देशमा पुजी भित्राईन्छ।।

राती सुतेका हामी
विहान नउठ्नुमापनी कारणछन्
मौसमले च्यालेन्ज गर्दीन्छ जिन्दगीमाथी,
सोलुबाट कुवेत र अरेवीया पुग्नु परेपछी
तराईबाट ओस्लो र रसिया पुग्नु परेपछी।
जिवनमा यी एकजोर पैंतलाले
यतिविघ्न धर्ती चाहार्नुको पछाडी
मेरो सरकारले नजन्मीदै
थाप्लोमा रिन बोकाईदीयको साईनोछ।

र मैले देश सम्झीरहुनुमा
जुनमाटोमा जन्मीयको साईनोछ॥

वर्षकीछोरी पाँचवर्षकी हुँदापनी
अझै फर्कीन सकेकोछैन
जिन्दगी लियर जिन्दगीसम्म।
यी'आँखाले त्यो आकृति पलपल खोज्छन्
तर अफसोच
छोरीले कापी-कलम खोज्छे
बाका मक्कियका हड्डीले
बाच्नलाई थोरै वल खोज्छन्
आमाका फुटेका पैतालाले एकजोर
चप्पल खोज्छन्
त्यसैले म बेच्चि कोछु,गालीयकोछु
आरनमा पगालीने
कवाडी फलामजस्तै सस्तो मुल्यमा
ब्याजको स्याजसम्म तिर्नुपर्ने रिन बोकेर॥

मान्छेजस्तै कामगर्ने रोबर्ट वे छु
अनी गाउँका ढिकी र जातो सम्झीन्छु,
हरेकदिन म नोकरीजादाँ चढेकोरेल
फ्लाईओभर माथी दगुर्दा,
कर्णालीका तुईन सम्झीन्छु,
आखीर सम्झीनुरहेछ जिन्दगी
फगत देश सम्झीरहन्छ
बेचीयको यो
नोकर जिन्दगी॥

वाग्लुङ्ग वलेवा
हाल: टोकीयो जापान
aasthakofool@gmail.com
Oh:0081-8045995025